# प्रदेश नं. ७, प्रदेश सभा

दोस्रो अधिवेशन

## बैठक संख्या-४०

## सूचनापत्र-२

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७५ साल भाद्र २६ गते मङ्गलवार, बैठक सञ्चालन अवधि दिंउसो १.०७ देखि २:३९ बजे सम्म

---

- सर्वप्रथम मा० सभामुख ज्यूबाट दोस्रो अधिवेशनको चालिसौं बैठकको कार्वाही प्रारम्भ गर्नु भयो।
- मा.मनाकुमारी सांउदले वोल्ने समय मांग गर्नु भई अछामको विभिन्न ठाउँमा पहिरोले भएको धनजनको क्षति,समयमा उपचार नपाई वच्चा र आमाको मृत्यु, बलात्कार घटनामा दोषी लाई कडा कारवाही हुनुपर्ने विषयमा सरकारको ध्यानाकर्षण गराउनु भयो।
- तत्पश्चात मा.सभामुख ज्यूले प्रदेश नं. ७ को सहकारी सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७५ माथीको कारवाही प्रारम्भ भएको घोषणा गर्नु भई प्रदेश नं.७ प्रदेश सभा नियमावली २०७४ को नियम १०७ वमोजिम प्रदेश नं. ७ को सहकारी सम्वन्धमा व्यवस्था गर्नवनेको विधेयक,२०७५ सामान्य छलफल गरियोस भनि सभा समक्ष प्रस्ताव पेश गर्न भूमिव्यवस्था,कृषी तथा सहकारी मन्त्री माननीय विनिता चौधरीलाइ अनुमती दिनु भै माननीय मन्त्री ज्यू ले उक्त विधेयक लाई सामान्य छलफल गरियोस भनी सभा समक्ष प्रस्ताव पेश गर्नु भयो र मा.सभामुख ज्यू ले उक्त प्रस्ताव निर्यायार्थ प्रश्तूत गर्नु भई प्रस्ताव सर्वसम्मत्तिले पारित भयो
- तत्पश्चात मा.सभामुख ज्यूले प्रदेश नं. ७ को सहकारी सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७५ माथीको सामान्य छलफलको समय प्रारम्भ भएको घोषणा गर्नुभयो र छलफलमा निम्न माननीय सदस्य ज्यू हरुले भाग लिनुभयो।

  (क) मा० महेश दत्त जोशी (ख) मा० तारा लामा तामाङ्ग
- छलफल समाप्त भएपश्चात भूमिव्यवस्था,कृषी तथा सहकारी मन्त्री माननीय विनिता चौधरीले छलफलमा उठान भएका प्रश्नहरूको जवाफ दिनु भयो।
- तत्पश्चात माननीय सभामुखज्यूले प्रदेश नं. ७ प्रदेश सभा नियमावली, २०७४ को नियम ११० बमोजिम विधेयकमाथि संशोधनको सुचना दिन सकिने म्याद सामान्य छलफल सकिएको मितिले १२० घण्टा निर्धारण गरेकोले प्रस्तुत विधेयक माथिको बाँकी कारवाही उक्त म्याद समाप्त भए पश्चात मात्रै हुने व्यहोरा जानकारी गराउनु भयो र उक्त विधेयक माथी आजको कारवाही समाप्त भएको घोषण गर्नुभयो।
- तत्पश्चात मा. सभामुख ज्यू ले स्थानीय तहलाई वित्तीय हस्तान्तरण व्यवस्थापन गर्न बनेको विधेयक, २०७५ माथिको कार्बाही प्रारम्भ गर्नु भयो र उक्त विधेयक माथी अर्थ बिकास तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रश्तूत गरिएको प्रतिवेदन सहितको विधेयक माथी प्रदेश नं. ७ प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम १ को देहाय खण्ड (क) बमोजिम सभामा छलफल गरियोस भनी प्रस्ताव पेश गर्न सामाजिक विकास मन्त्री माननीय दीर्घ वहादुर सोडारीलाई अनुमती दिनु भयो र माननीय मन्त्री ज्यू ले प्रस्ताव पेश गर्नु भै अर्थ बिकास तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रश्तूत गरिएको प्रतिवेदन सहितको विधेयक सभामा छलफल गरियोस भन्ने प्रस्ताव सर्व सम्मतीले पारित भयो।
- तत्पश्चात माननीय सभामुखज्यूले प्रदेश नं. ७ प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ उपनियम (८) बमोजिम स्थानीय तहलाई वित्तीय हस्तान्तरण व्यवस्थापन गर्न बनेको विधेयक, २०७५ अर्थ विकास तथा प्राकृतिक श्रोत समितिको प्रतिवेदन र सो सम्वन्धि विधेयकका दफाहरु तथा अनुसाङ्गिक अन्य दफाहरुमा छलफल प्रारम्भ गर्नु भयो र उक्त छलफलमा तपशीलका माननीय सदस्यहरुले आ-आफ्नो धारणा प्रस्तुत गर्नु भयो।

  तपशील

  (क) मा० अमर वहादुर सांउद (ख) मा० रण वहादुर रावल
- छलफल समाप्त भएपश्चात सामाजिक विकास मन्त्री माननीय दीर्घ वहादुर सोडारीले छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनु भयो।

- सामाजिक विकास मन्त्री माननीय दीर्घ वहादुर सोडारीले छलफलमा उठेका प्रश्नको जवाफ दिएपछी माननीय सभामुखज्यूले स्थानीय तहलाई वित्तीय हस्तान्तरण व्यवस्थापन गर्न बनेको विधेयक, २०७५ माथि दफावार छलफलको कार्य समाप्त भई अर्थ बिकास तथा प्राकृतिक स्रोत समिति बाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या २ (दुई) देखि ९(नौ) सम्मका दफाहरु,आनुसाङ्गिक अन्य दफाहरु र सम्वन्धित उपदफाहरु विधेयकको अङ्ग बनोस भनि निर्णयार्थ प्रस्तुत गर्नु भयो र उक्त प्रस्ताव सर्वसम्मतीले पारित भएको घोषणा गर्नु भयो ।

- तत्पश्चात मा. सभामुख ज्यू ले प्रदेश न. ७ प्रदेशको कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथिको कार्बाही प्रारम्भ गर्नु भयो र उक्त विधेयक माथी अर्थ बिकास तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रश्तूत गरिएको प्रतिवेदन सहितको विधेयक माथी प्रदेश नं. ७ प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम १ को देहाय खण्ड (क) बमोजिम सभामा छलफल गरियोस भनी प्रस्ताव पेश गर्न सामाजिक विकास मन्त्री माननीय दीर्घ वहादुर सोडारीलाई अनुमती दिनु भयो र माननीय मन्त्री ज्यू ले प्रस्ताव पेश गर्नु भै अर्थ बिकास तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रश्तूत गरिएको प्रतिवेदन सहितको विधेयक सभामा छलफल गरियोस भन्ने प्रस्ताव सर्व सम्मतिले पारित भयो ।

- तत्पश्चात माननीय सभामुखज्यूले प्रदेश नं. ७ प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ उपनियम (८) बमोजिम प्रदेश न. ७ प्रदेशको कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ अर्थ विकास तथा प्राकृतिक श्रोत समितिको प्रतिवेदन र सो सम्वन्धि विधेयकका दफाहरु तथा अनुसाङ्गिक अन्य दफाहरुमा छलफल प्रारम्भ गर्नु भयो र उक्त छलफलमा तपशीलका माननीय सदस्यहरुले आ-आफ्नो धारणा प्रस्तुत गर्नु भयो ।

  तपशील

  (क) मा० लिलाधर भट्ट (ख) मा० भरत बहादुर खड्का

- छलफल समाप्त भएपश्चात सामाजिक विकास मन्त्री माननीय दीर्घ वहादुर सोडारीले छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनु भयो ।

- सामाजिक विकास मन्त्री माननीय दीर्घ वहादुर सोडारीले छलफलमा उठेका प्रश्नको जवाफ दिएपछी माननीय सभामुखज्यूले प्रदेश न. ७ प्रदेशको कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि दफावार छलफलको कार्य समाप्त भई अर्थ बिकास तथा प्राकृतिक स्रोत समिति बाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या २ (दुई) देखि ५९(उनन्साठी) सम्मका दफाहरु,आनुसाङ्गिक अन्य दफाहरु र सम्वन्धित उपदफाहरु विधेयकको अङ्ग बनोस भनि निर्णयार्थ प्रस्तुत गर्नु भयो र उक्त प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्नु भयो ।
- तदोपरान्त मा. सभामुखज्यूले विधेयकको प्रस्तावना र नाम विधेयकको अङ्ग वनोस भनी निर्णयार्थ पेश गर्नु भै सर्व सम्मत्तिले पारित भएको घोषण गर्नुभयो र विधेयक प्रस्तुत कर्ता सामाजिक विकास मन्त्री माननीय दीर्घ वहादुर सोडारी लाई प्रदेश न. ७ प्रदेशको कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ लाई पारित गरियोस भनी प्रस्ताव प्रस्तुत गर्न अनुमती दिनु भयो र उक्त प्रस्स्ताव निर्णयार्थ पेशभएपछी सर्वसम्मतिले पारित भएको घोषणा गर्नु भयो ।
- तत्पश्चात मा.सभामुख ज्युले अर्को बैठक मिति २०७५ आश्विन १ गते सोमवारं दिनको १:०० बजे वस्नेगरी बैठक स्थगित भएको घोषणा गर्नु भयो ।

...................
(वालाराम शर्मा)
सचिव